नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर।

☎ ९७७-०१-५४२१३५९
🖷 ९७७-०१-५४२६२७६
इमेल: sqccnepal@gmail.com
वेभसाइट: www.sqcc.gov.np

प.सं. : सचिवालय/०८१/०८२
च.नं. ६४८ मिति: २०८१/९/७

**विषय: बीउ बिजन बिक्री वितरण अनुमतीपत्र (बीउ बिजन व्यवसाय संचालन अनुमतिपत्र) नवीकरण सम्बन्धमा।**

**श्री कृषि ज्ञान केन्द्र/ श्री कृषि विकास कार्यालय/ एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, सबै ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट विभिन्न मितिमा जारी भएका बीउ बिजन बिक्री वितरण अनुमतीपत्र नवीकरण सम्बन्धमा साविकको बीउ बिजन नियमावली, २०६९ मा बीउ बिजन व्यवसायी अनुमतीपत्रको म्याद सकिए पश्चात पनि मनासिव कारण देखाई निवेदन दिएमा जिल्ला स्थित कार्यालयले नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक वर्षको लागि रु २०० लिई पुन: नवीकरण गरिदिन सक्ने प्रावधान भएको,

मिति २०८१/७/२९ मा नेपाल राजपत्रमा प्रकाशन भएको बीउ बिजन नियमावली, २०८१ को नियम ३३ को उपनियम (२) मा बीउ बिजन नियमावली, २०६९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिने कुरा उल्लेख भएको,

बीउ बिजन नियमावली, २०८१ को नियम १७ को उपनियम (२) मा बीउ बिजन बिक्री वितरण अनुमतिपत्र नवीकरण गर्नु पर्ने म्याद सकिएको ९० दिन भित्र नियमावलीको अनुसूची-१० बमोजिम थप दस्तुर तिरी नवीकरण गराउन सकिने प्रावधान भएको हुँदा मिति २०८१/७/२९ गते भन्दा अगाडि अनुमतिपत्र बहाल रही बीउ बिजन बिक्री वितरण अनुमतीपत्र नवीकरण गराउन बाँकी संस्था/निकायले मिति २०८१/७/२९ देखि गणना गरी थप नब्बे दिन सम्म नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणका लागि निवेदन दिएमा नवीकरण हुन छुट भएको प्रत्येक वर्षको लागि रु २०० र बीउ बिजन नियमावलीको अनुसूची-१० बमोजिमको राजश्व लिई बीउ बिजन नियमावली, २०८१ को नियम १६ को उपनियम (४) बमोजिम १ वर्षको म्याद कायम गरी नवीकरण गर्ने व्यवस्था गर्नु हुन अनुरोध छ । साथै, तहाँ कार्यालयबाट मिति २०८१/७/२९ भन्दा अगाडि नवीकरण गराउन बाँकी रहेका संस्था/निकायहरुले उपरोक्तानुसार बीउ बिजन बिक्री वितरण अनुमतीपत्र नवीकरण गराउन सूचना प्रवाह गरी उक्त अवधिभित्र समेत नवीकरण नगराएमा खारेजीको प्रक्रियामा लगिने जानकारी समेत सम्बन्धित सबैमा प्रवाह गर्नुहुन अनुरोध गर्दछु ।

(नोट: यस केन्द्रबाट च.न. ६४१ पं.स. सचिवालय/०८१/८२, मिति २०८१/९/५ मा प्रेसित यसै विषयसँग सम्बन्धित पत्रको अन्तिम वाक्यांशमा "नवीकरण नगराएमा" हुनु पर्नेमा अन्यथा भएकोले सो व्यहोरा समेत यसै पत्रबाट सच्चाइएकोले बीउ बिजन बिक्री वितरण अनुमतीपत्र (बीउ बिजन व्यवसाय संचालन अनुमतिपत्र) नवीकरण यसै पत्रको आधारमा गर्नुहुन समेत अनुरोध गर्दछु।)

**बोधार्थ**

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडा ।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, दाङ ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी ।

२०८१/०९/०७

**वेनु प्रसाद प्रसाई**
**प्रमुख (रा.प.प्र.प्रा)**

Scanned with CamScanner